# सीतागंज शाखा नहर
# जल उपभोक्ता संस्थाको
# प्रशासन सम्बन्धी नियमावली

२०६७

# सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको
# प्रशासन सम्बन्धी नियमावली २०६७

जल उपभोक्ता संस्थाले उपभोग गर्ने नियमित कार्यक्रमहरु प्रशासनिक नियमावलीको अभावले जल उपभोक्ता संस्थाद्धारा संचालन गरिने दैनिक कार्यक्रमहरु समयमा नभई उपभोक्ताहरुलाई दिनुपर्ने सेवा र सुविधामा समेत प्रतिकूल प्रभाव पर्न गई उपभोक्ताहरुमा संस्थाप्रति नकरात्मक धारणाको सृजना भएको देखिएकोले जल उपभोक्ता संस्थालाई प्रभावकारी संगठन र सुशासित ढंगवाट संचालन गराउनको लागि सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको विधान २०५० को प पहिलो संसोधन २०६७ को अधिनमा रहि सीतागंज शाखा नहर उपभोक्ता संस्थाको प्रशासन सम्वन्धि नियमावली २०६७ तयार गरी लागु गरिएको छ ।

## परिच्छेद – १

**१. नाम र प्रारम्भः**

१.१ यस नियमावलीको नाम “प्रशासन सम्वन्धि नियमावली २०६७ रहने छ ।

१.२ यो नियमावली जलउपभोक्ता संस्थाको साधारण सभाद्धारा पारीत (अनुमोदन) भएको मिति देखि लागू हुनेछ ।

## परिच्छेद – २

**२. उद्देश्यः**

२.१ जल उपभोक्ता संस्थावाट गरिने प्रशासन सम्वन्धि कार्य सुव्यवस्थित ढंगवाट गराउदै लैजाने ।

२.२ जल उपभोक्ता संस्थालाई सुशासनको माध्यमद्धारा अनुशासित र पारदर्शी वनाउदै असल प्रशासन व्यवस्थाको विकास गराउने ।

## परिच्छेद – ३

**३. परिभाषाः**

३.१ “प्रशासन” भन्नाले जल उपभोक्ता संस्था संचालन गर्ने प्रक्रिया विधि संम्झनु पर्दछ ।

३.२ “संस्था” भन्नाले दर्ता भएको ज.उ.स. सम्झनु पर्छ ।

३.३ “पदाधिकारी” भन्नाले संस्थाको सवै तहमा छनौट भई निर्वाचित भएर आएका व्यक्तिहरुलाई सम्झनु पर्छ ।

३.४ “कर्मचारी” भन्नाले संस्थाको नियमित कार्य गर्नको लागि नियुक्ति दिएर काममा खटाएको व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद – ४

**४. पदपूर्तिः**

शाखा समन्वय समितिले आवश्यकता अनुसार दरवन्दि स्विकृत गरी साधारण सभावाट अनुमोदन गराउनु पर्ने छ ।

४.१ पदको किसिमः जल उपभोक्ता संस्थामा देहायका पद रहने छन् ।

(क) कार्यालय सचिव

(ख) नहर संचालन कार्यदल

(ग) पियन र चौकिदार

४.२ पदपूर्तिः

(क) रिक्त रहेको पद नियुक्तिद्धारा पूर्ति गरिने छ ।

(ख) रिक्त पदमा नियुक्ति हुनको लागि आवश्यक पर्ने न्युनतम योग्यता, पदपूर्तिको निमित्त हुने विज्ञापनको तरिका, परिक्षा संचालन तथा छनौट विधि, शाखा समन्वय समितिले पदपूर्ति समितिसँग परामर्श गरी निर्धारण गरे वमोजिम हुनेछ ।

४.३ उम्मेद्धार हुनको लागि अयोग्यताः देहायका व्यक्ति उम्मेद्धार हुन सक्ने छैनन् ।

(क) गैर नेपाली नागरीक

(ख) १८ वर्ष उमेर पुरा नभएको

(ग) पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष उमेर ननाघेको

(घ) प्राविधिक पदमा ४५ वर्ष ननाघेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको

(च) नेपाल सरकार तथा अन्य कुनै संघ संस्था वा समितिबाट अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको

(छ) कमाण्ड क्षेत्रभित्र उपभोक्ता नभएको

४.४ पदपूर्ति समितिः जल उपभोक्ता संस्थाको रिक्त पदपूर्तिको लागि उपयुक्त उम्मेद्धार छनौट गर्नुको लागि देहाय बमोजिम पदपूर्ति समिति गठन हुनेछ ।

(क) सम्बन्धित सिंचाइ कार्यालयको प्रतिनिधि - १ सदस्य

(ख) सम्बन्धित जिल्लाको जिल्ला जल उपभोक्ता महासघं प्रतिनिधि - १ सदस्य

(ग) साधारण सभा, सदस्य मध्येबाट प्रतिनिधि - १ सदस्य

(घ) जल उपभोक्ता संस्थाको शाखा समन्वय समितिबाट प्रतिनिधि - १ सदस्य

(ङ) जल उपभोक्ता संस्थाको शाखा समन्वय समितिबाट प्रतिनिधि - १ संयोजक

४.५ पदपूर्ति समितिको काम, कर्तव्यः

(क) जल उपभोक्ता संस्थाबाट माग भए बमोजिमका पदहरुको पूर्ति गराउने ।

(ख) पद अनुसारका कार्यहरु गराउन निष्पक्ष तरिकाले योग्य र सक्षम व्यक्तिको चयन-छनौट गराउने ।

(ग) योग्य र सक्षम कर्मचारीको चयन(छनौट) गरीसके पछि ३ दिन भित्रमा शाखा समन्वय समितिलाई नियूक्तिका लागि सिफारिस गर्ने ।

४.६ नियुक्त :

(क) पदपूर्ति समितिले सिफारिस गरेको उम्मेद्धारलाई जल उपभोक्ता संस्थाले नियूक्त दिनु पर्नेछ ।

(ख) नियूक्तको लागि सिफारिस भएको मितिले ३५ दिन भित्रमा शाखा समन्वय समितिले नियूक्ति पत्र दिने निर्णय गरीसक्नु पर्नेछ ।

(ग) नियुक्ति पत्रका साथ दिईने पदको कार्य विवरण उपलब्ध गराउनु पर्नेछ ।

(घ) साधारण सभाले स्विकृत गरेको दरबन्दी बाहेक कुनै पनि पदमा नियुक्त गर्न पाईने छैन ।

४.७ करारमा नियूक्ति :

(क) यदि कुनै कारणवश स्विकृत दरबन्दी अनुसार पदपूर्ति समयमा हुन नसकेको खण्डमा सोही पद अनुसारको कार्य गराउन बढीमा ३ महिनाको लागि करारमा नियूक्ति गर्न सकिनेछ ।

४.८ पारिश्रमीकको व्यवस्था :

(क) नियुक्त भएको कर्मचारीको पारिश्रमिक सुविधा र सेवाको शर्त साधारण सभाले निर्णय गरी तोके बमोजिम हुनेछ ।

४.९ परिक्षणकाल :

(क) कुनैपनि पदमा नियुक्त भएमा कर्मचारीलाई १ वर्षको परिक्षणकालमा राखिनेछ ।

(ख) परिक्षणकालमा रहेको कर्मचारीको काम सन्तोषजनक नभएमा परिक्षणकाल समाप्त हुनु अगावै शाखा समन्वय समितिको निर्णयबाट हटाउन सक्नेछ ।

४.१० निरोगीताको प्रमाण-पत्र :

(क) नयाँ नियुक्ति पाउने कर्मचारीले पत्र पाउनु पुर्व स्विकृत चिकित्सकद्धारा स्वास्थ परिक्षण गराई निोगीताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

४.११ कार्यक्षमताको अनुगमन तथा मुल्याङ्कन :

(क) कर्मचारीबाट भए गरेका कामहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने उत्तरदायित्व शाखा समन्वय समितिका अध्यक्ष र सचिवको हुनेछ ।

(ख) अध्यक्षले नियमित रुपमा संस्था भित्र भएका कामहरुको निरन्तर रुपमा अनुगमन गर्नु पर्नेछ ।

४.१२ सेवाबाट हटाउने तथा वर्खास्त गर्ने :

(क) देहाय कुनै पनि अवस्थामा कर्मचारीलाई सेवाबाट शाखा समन्वय समितिको निर्णयले हटाउन सकिने छ ।

१. आफ्नो पद अनुसारको काम वा जिम्मेवारी पुरा गर्न नसकेमा,
२. आचरण सम्बन्धि कुरा बारम्बार उल्लघंन गरेमा,
३. कार्यालय समयमा मादक पदार्थ सेवन गरेमा,
४. बारम्बार अनुसाशनहिन काम गरेमा,
५. राजनितीमा भाग लिएमा,
६. विदा स्विकृत नगराई लगातार ७ दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,
७. नैतिक पतन देखिने फौजदारी अभियोग कसुरदार ठहरिएमा,
८. भ्रष्टाचार गरेमा ।

४.१३ दक्षता अभिवृद्धि सम्बन्धमा :

(क) संस्थाका पदाधिकारीहरु, सदस्यहरु तथा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गराउन समय समयमा तालिम गोष्ठी भ्रमण जस्ता कार्यक्रमहरु संचालन गर्नेछ ।

## परिच्छेद – ५

५. कर्मचारीले पाउने विदा सम्बन्धमा :

(क) घर विदा : कार्यरत कर्मचारी वर्षको २४ दिन घर विदा पाउने छ ।

(ख) विरामी विदा : कार्यरत कर्मचारी वर्षको १२ दिन विरामी विदा विदा पाउने छ ।

(ग) प्रसुति विदा : महिला कर्मचारीलाई सुत्केरी अघि र पछि गरी ६० दिन प्रसुति विदा पाउनेछ ।

(घ) क्रिया विदाः कार्यरत कर्मचारीको आमा, बुबा वितेमा र सासु ससुराको पनि स्यवंले क्रिया गर्नु परेमा १५ दिन क्रिया विदा पाउने छ ।

(ङ) सार्वजनिक विदा : नेपाल सरकारले तोके बमोजिमको सम्पुर्ण सार्वजनिक विदा पाउनेछ ।

## परिच्छेद – ६

६. कामको रेखदेख तथा नियन्त्रण सम्वन्धमा :

(क) शाखा समन्वयसमिति :

१. शाखा समन्वय समिति अन्तर्गतका प्राशसनिक, लेखा तथा प्राविधिक कार्यको सम्पूर्ण रेखदेख तथा नियन्त्रण अध्यक्ष र सचिवले गर्नेछन् ।

२. शाखा समन्वय समितिका सचिव, कोषध्यक्ष, सदस्यहस्लाई कामकाजमा खटाउन र कामको रेखदेख र नियन्यण विधान अनुसार अध्यक्षले गर्नेछन् ।

३. शाखा नहर मर्मत, संचालन तथा शाखा/प्रशाखामा पानी विवरण गराउदो कार्य शाखा समन्वय समितिले गर्नेछ र यस कार्यको उत्तरदायित्व अध्यक्ष र सचिवमा निहित रहनेछ ।

४. संस्थाबाट बनाएको वार्षिक कार्य योजना कार्यान्वयन गराउनको लागी शाखालाई उपलब्ध गराउने उत्तरदायित्व अध्यक्षको हुनेछ ।

(ख) जल उपभोक्ता समिति :

१. ज.उ.स. अन्तर्गतका प्रशसनिक, लेखा र प्राविधिक कार्यको सम्पूर्ण रेखदेख तथा नियन्त्रण उपशाखा/प्रशाखा, वाटरकोर्ष र आउटलेट अध्यक्षले गर्नेछन् ।

२. उपशाखा/प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिको अन्य पदाधिकारीहरु तथा सदस्यहरुलाई कामकाजमा खटाउने र भए गरेका कामको रेखदेख तथा नियन्त्रण शाखा अध्यक्षले गर्नेछन् ।

३. उपशाखा/प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरको मर्मत संचालन तथा उपशाखा र प्रशाखालाई पानी वितरण गराउने कार्य उपशाखा/प्रशाखा, वाटरकोर्ष र आउटलेटको हुनेछ र यस कार्यको उत्तरदायित्व र जवाफदेहिता उपशाखा/प्रशाखा, वाटरकोर्ष र आउटलेट अध्यक्षमा निहित रहनेछ ।

# सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको आर्थिक नियमावली २०६७

जल उपभोक्ता संस्थाले गर्ने कार्यहरु मध्ये आर्थिक क्रियाकलाप एक महत्वपूर्ण कार्य हो । आर्थिक नियमावलीको अभावमा आर्थिक संकलन र व्यवस्थापन प्रक्रियामा अनियमितता हुने र जल उपभोक्ता तथा संस्थाका अन्य पदाधिकारीहरु विच मनमुटाव वढ्नुका साथै अविश्वास र पारदर्शिताको कमि हुँदै गई संस्थाले गर्ने नियमित कार्यमा समेत वाधा अड्चन उत्पन्न भई प्रतिकुल असर पर्ने भएको हुँदा आर्थिक कारोवारमा पारदर्शिता कायम राख्दै संस्थावाट गरिने कार्यहरुमा सुशासन स्थापना गराउनको लागि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस नियमावलीको नाम "आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६७" हुनेछ ।

(ख) यो नियमावली साधारण सभाले पास गरेको मितीदेखि लागु हुनेछ ।

## परिच्छेद – २

**२. परिभाषा :**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "शाखा समन्वय समिति" भन्नाले विधान अनुसारको शाखा समन्वय समिति वुझ्नु पर्दछ ।

(ख) "सचिव/कार्यालय सचिव" भन्नाले जल उपभोक्ता समिति (ज.उ.स.) को दैनिक आर्थिक कार्यक्रम संचालन गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(ग) "विनियोजन" भन्नाले प्रत्येक वर्ष कार्यकारिणी समिति र साधारण सभाले पास गरेको विभिन्न वजेट शिर्षमा छुट्याइएको रकमलाई सम्झनु पर्दछ ।

(घ) "बोलपत्र" भन्नाले इच्छुक व्यक्ति, संगठित संस्था वा फर्मले खामवन्दिमा लाहाछाप गरी पठाईएको दर रेट सहितको विवरण सम्झनु पर्दछ ।

(ङ) "बोलपत्र" (टेण्डर डकुमेन्ट) भन्नाले ठेक्कामा सामान्यतया विशेष शर्त ईस्पेसिफिकेसन नक्सा डिजाइन र परिणाम सूचिलाई सम्झनुपर्दछ ।

(च) "ठेक्का सम्झौता" भन्नाले यी नियमहरुको अधिनमा रहि कुनै पनि खरिद निर्माण वा सेवा कार्य गर्न वा गराउन ठेक्का लिने तथा ठेक्का दिने दुवै पक्षको बिचमा सर्तहरु राखिएको कबुलियत सम्झनु पर्दछ ।

(छ) "अधिकार प्राप्त अधिकारी" भन्नाले विनियोजीत वजेट भित्र रहि खर्च गर्ने वा सोको लागि निकासा दिने अधिकारीलाई सम्झनु पर्दछ । ज.उ.स. मा यस्तो व्यक्ति कार्यकारिणी समिति भित्रको मात्र रहने छ ।

(झ) "कोषाध्यक्ष" भन्नाले अध्यक्षको स्विकृति लिएर खर्च गर्ने व्यक्ति र आर्थिक प्रशासन सम्वन्धि रेकर्ड राख्न लगाउने वा राख्ने व्यक्ति ।

## परिच्छेद – ३

३. उद्देश्य :

३.१ संस्थाद्धारा गरिने सम्पूर्ण आर्थिक कार्यमा पारदर्शिता वनाउँदै सुशासन कायम गराउने ।

३.२ आर्थिक क्रियाकलापहरुलाई अनियमित हुनवाट रोक लगाई क्रमशः संस्थागत विकास गराउँदै लैजाने ।

३.३ संस्थावाट भएगरेका आर्थिक क्रियाकलापहरुको वारेमा जलउपभोक्ताहरुलाई प्रष्टरुपले जानकारी गराई कार्यक्रम सहभागितामुलक तथा प्रभावकारी ढंगवाट कार्यन्वयन र संचालन गराउने ।

## परिच्छेद – ४
## वजेट तयार गर्ने

४. वजेट तयार गर्ने कर्तव्य

(क) साधारण सभाले पास गरेको वजेट शिर्षकको ढाँचा अनुसार ज.उ.स. को दैनिक, आर्थिक, प्रशासनिक, प्राविधिक, न्यायिक कार्यहरु गर्न गराउन कार्यकारिणी समितिको सचिवले जेठ महिना भित्र तयार पारी कार्यकारिणी समितिमा पेश गर्ने छ ।

(ख) वजेट विवरणमा थपघट गर्न सक्ने अधिकार प्रत्येक शिर्षकमा रकम नपुग वा वढि हुन जाने देखिएमा शाखा समन्वय समितिको सचिवले पूर्व स्विकृतिको लागि शाखा समन्वय समितिमा पेश गर्नसक्नेछ । शाखा समन्वय समितिले औचित्य हेरी रकमान्तर अर्थात् आवश्यक शिर्षकमा वजेट थपघट गर्न सक्नेछन् ।

## परिच्छेद – ५

५.१ स्वीकृत वजेट खर्च गर्ने :

(क) विनियोजित वजेटको त्रैमासिक निकासा शाखा समन्वय समितिले गर्ने छ ।

(ख) विनियोजित वा स्विकृत वजेटको निकासा दिने अधिकारीले देहायका कुराहरु विचार गरी खर्च गर्न निकासा दिनुपर्दछ ।

(ग) खर्च गर्न वा स्विकृत वजेटको निकासा दिने अधिकारीले देहायका कुराहरु विचार गरी खर्च गर्न निकासा दिनुपर्दछ ।

- रकम स्विकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च वाँकि छ भने ।
- रकम खर्च गर्नुभन्दा अघि खर्च गर्ने निकासाको आदेश प्राप्त भइसकेको छ भने ।
- कुनै कार्यक्रम योजनाको हितमा छ भने ।
- अप्रमाणित भौचर, नियम नमिल्ने बिल, भौचरको भूक्तानी दिनुहुदैन ।

५.२ कोषाध्यक्षको काम, कर्तव्य विधान अनुसार हुनेछ । अन्य काम अध्यक्षले आदेश गरे मुताविक हुनेछ ।

## परिच्छेद – ६

### सरकारी वा ज.उ.स. को सम्पति, त्यसको लागत, संरक्षण वा बर बुझारथ

६.१. सरकारी सम्पतिको जिम्मा एवम् त्यसको लागत र संरक्षण :

(क) कार्यलयमा रहेको नगद, जिन्सी, बैंक मौज्दात, चेक र सम्पूर्ण श्रेस्ता कोषाध्यक्षको जिम्मामा रहने छ ।

(ख) जिन्सी मालको लागत (ज.उ.स. मा रहेको ) र खरिद गरी वा नगरी सहायता वा कुनै प्रकारवाट प्राप्त हुन आएका जिन्सि मालसामान जिन्सी खातामा ३ दिन भित्र आर्मदानि वाँधी अद्यावधिक राख्नुपर्ने हुन्छ ।

६.२.. निरिक्षण गर्ने :

वर्षको दुइपटक कोषाध्यक्षले कोष तथा जिन्सी सामानको निरिक्षण गरि शाखा समन्वय समितिमा पेश गर्नु पर्ने हुन्छ ।

६.३. बरबुझारत :

नगद जिन्सी मालसामानको लगत श्रेस्ता आदिको जिम्मा लिने कर्मचारीको पदावधि समाप्त भएमा वा सरुवा वा हटेमा नयाँ बहालीवाला लाई बुझाई सो को प्रमाण-पत्र शाखा समन्वय समिति समक्ष पेश गर्नु पर्ने हुन्छ । अन्यथा पूर्व बहालवाला नै जिम्मेवार हुनेछ ।

## परिच्छेद – ७

### खरिद वा कम गराउने व्यवस्था

७.१. खरिद वा काम गराउने व्यवस्था:

(क) सम्बन्धित अधिकारीको आदेश बिना खरिद गर्न नहुने : यी नियमहरु प्रारम्भ भएपछि, कार्यकारिणी समितिले दिएको अख्तियारी प्राप्त अध्यक्षको लिखित आदेश बिना मालसामान खरिद गर्न गराउन हुँदैन ।

(ख) खरिद गर्ने व्यवस्था :अधिकार प्राप्त अधिकारीले लिखित आदेश प्राप्त गरेपछि निम्न अनुसार गर्नुपर्दछ :-

१) एकपटकमा रु ५,०००।- सम्म सोझै बजारबाट खरिद गर्न सकिनेछ ।

२) एकपटकमा रु ५,००१।- सम्म दरभाऊ पत्र कोटेशनद्धारा खरिद गर्न सकिने ।

३) रु १,००,०००।- भन्दा माथि बोलपत्र टेण्डरद्धारा खरिद गर्नु पर्नेछ ।

७.२. अन्य:

यस परिच्छेदमा उल्लेखित बुँदा वाहेक खरिद वा काम गराउने अन्य कामको प्रकृया सम्बन्धमा प्रचलित आर्थिक नियम वा नियमावलीको यसै परिच्छेदमा उल्लेखित प्रकृया अपनाई गरिनेछ । तर यस्ता प्रकृया शाखा समन्वय समितिद्धारा स्विकृत हुनु पर्दछ ।

७.३ रु ५,०००।- सम्मको कामको वा सामानको खरिद आदेश, स्किृति सम्बन्धित समितिको अध्यक्षले गर्न सक्नेछ । सो भन्दा माथीको रकमको लागी सम्बन्धित समितिले स्विकृत गर्नेछ । स्विकृत ठेक्का पट्टाको कार्य वा विलको भुक्तानी सचिव/कोषाध्यक्षले गर्नेछ ।

## परिच्छेद – ८

### लिलाम विक्री

८.१. लिलाम, विक्री, मर्मत वा हस्तान्तरण गर्ने :

(क) शाखा समन्वय समितिको निर्णय विना मालसमान लिलाम, मर्मत वा हस्तान्तरण गर्नु गराउनु हुदैन ।

(ख) लिलाम वा विक्री गर्दा स्विकृत लिनु पर्ने ।

१. रु ५,०००।- सम्मको समानको विक्री वा लिलाम व्यवस्थापक सचिव वा कोषध्यक्षले गर्न सक्नेछ ।

२. रु ५,०००।- भन्दा माथि जतिसुकै भएतापनि शाखा समन्वय समितिबाट स्विकृत लिनु पर्ने ।

(ग) यसमा नभएका बुँदाहरुमा आर्थिक नियम वा नियमावलीको प्रकृयाअपनाई गर्न सकिनेछ ।

## परिच्छेद – ९

### ज्यालको दररेट र ज्यालादारीको बन्दोवस्त :

९.१. ज्यालाको दररेट र ज्यालादारीको बन्दोवस्त :

ज्यालाको दररेट शाखा समन्वय समितिबाट स्विकृत गराई मात्र लागु गर्नु पर्नेछ । यसको लागि जिल्ला दररेटलाई पनि आधार मान्न सकिन्छ । आर्थिक वर्षको शुरुमानै अध्यक्षले सम्भावित श्रमीकहरुको ज्यालाको दररेट प्राविधिक सहयोगमा तयार पारी पेश गर्नु पर्नेछ ।

## परिच्छेद – १०

### दैनिक तथा भ्रमण नियमहरु

१०.१ भ्रमणमा खटाउन सक्ने अधिकारी :

(क) ज.उ.स. का कार्यक्रम सम्बन्धमा अध्यक्ष भन्दा मुनिका पदाधिकारी तथा कर्मचारीको भ्रमणको स्विकृती अध्यक्षले गर्नेछ ।

(ख) अध्यक्षको भ्रमणको स्विकृति अध्यक्ष स्वयमले गर्नेछन् । शाखा समन्वय समितिको बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

(ग) रित पुर्वक भ्रमण आदेश भरी स्विकृत भएको भ्रमण आदेशको मात्र सचिव/कोषाध्यक्षले भुक्तानी गर्नेछन् ।

१०.२ कर्मचारीको वर्गिकरण :

(क) यस परिच्छेदको प्रयोजनको लागि ज.उ.स. का पदाधिकारीहरुले वर्गिकरण निम्न लिखित अनुसार गरिएको छ :

१. शाखा/उपशाखा समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरु-प्रथम तह

२. उपशाखा, प्रशाखा, समितिका पदाधिकारीहरु तथा संस्थाका कर्मचारीहरु-द्धितिय तह

३. वाटरकोर्ष, आउटलेट समितिका पदाधिकारीहरु सदस्यहरु, साधारण सभा सदस्यहरु तथा समितिले खटाएका व्यक्तिहरु - तृतिय तह

(ख) दैनिक भत्ता पाउने :

रात बिताउने गरी अड्डा रहेको सदरमुकाम वाहिर कुनै ठाउँमा भ्रमण वा काज खटिएका देहायका कर्मचारीले देहाय बमोजिम दैनिक भत्ता पाउनेछन् । बस टिकट पेश गरेपछि छुट्टै पाउनेछन् ।

| | |
|---|---|
| १. प्रथम तह : | रु ५००।- |
| २. द्धितिय तह : | रु ३००।- |
| ३. तृतिय तह: | रु २५०।- |

संस्थाको आर्थिक स्थिती भत्ता दिने हैसियतको भएमा मात्र उपरोक्त रकम दिइनेछ । अन्यथा यस भन्दा कममा पनि काम गर्नु पर्नेछ । उपरोक्त भत्ता लिनेले अन्य संस्था वा व्यक्तिले प्रदान गरेको भत्ता लिन पाईने छैन वा लिएमा माथिको भत्ता छाड्नु पर्दछ ।

(ग) दैनिक भ्रमणमा जाँदा पेश्की पाईनेछ तर फर्किसकेपछि बिल भरपाई साथ पेश्की फछ्यौट गर्नुपर्नेछ । अन्यथा पेश्की लिएजति असुल उपर गरिनेछ ।

१०.३ वैदेशिक वा आन्तरिक भ्रमण तथा तालिम :

वैदेशिक भ्रमण अध्यक्ष, उपाध्यक्ष वा खास सदस्य नतोकी आएको वैदेशिक भ्रमणमा शाखा समन्वय समितिले एक नियम पारित गराई नियम अन्तर्गत सदस्यहरुलाई मनोनीत गराई पठाउनेछ । आन्तरिक भ्रमण तथा तालिममा ज्ञान वृद्धि, दक्षता वृद्धि व्यवस्थापन सुधार सम्बन्धि भ्रमण तालिम आदि सचिवले योजना बनाई अध्यक्ष समक्ष पेश गर्नेछ । सोको जाँच बुझ अध्यक्षले गरी कसल समितिको निर्णय गराई बजेट मुताविक कार्यक्रम संचालन गर्नेछ ।

## परिच्छेद – ११
### रकम असुल उपर फछ्यौट नियमहरु

११.१. बेरुजु स्पष्टिकरण माग गर्ने :

(क) लेखा परिक्षणबाट देखिएका बेरुजुहरुको सम्बन्धमा कर्मचारीहरुको हकमा कोषाध्यक्ष सचिवले सम्बन्धित जिम्मेवारी व्यक्तिसँग र सचिव, कोषाध्यक्षको हकमा संस्थाको निर्णय अनुसार ३५ दिनको म्याद दिई स्पष्टिकरण माग्नु पर्नेछ । म्याद भित्र चित्तबुझ्दो स्पष्टिकरण प्राप्त नभए कोषाध्यक्ष सचिवले असुल उपर प्रति जिल्ला प्रशासन कार्यालय भ्रष्टाचार निवारण एकाइ मार्फत समेतको पनि सहयोग लिनेछ ।

(ख) बेरुजु लगत पठाउनु पर्ने : कोषाध्यक्ष सचिवले त्रैमासिक प्रगति विवरणमा बेरुजु सम्बन्धि लगत शाखा समन्वय समितिमा पठाउनु पर्नेछ । शाखा समन्वय समितिले निर्णय कार्यान्वयन गर्नेछ ।

## परिच्छेद – १२
### विविध

१२.१. बजेट व्यवस्था तथा योजना बनाउँदा कुल वार्षिक बजेटको ६० % नहर मर्मत संचालनमा छुट्याउने, ४० % बजेट प्रशासनिक कार्यक्रम तालिम आदिमा छुट्याई गरिनेछ ।

२०. लेखा परिक्षण विधानमा व्याख्या भए अनुसार कोषाध्यक्ष वा सचिवले गराउने छ । यो नियमावलि प्रत्येक वर्ष आषाढमा समीक्षा गरी क्रमिक रुपले थप गरिँदै जानेछ । विशेष गरेर मुल साधारण सभाले स्विकृत दिएका आर्थिक सम्बन्धि अन्य आवश्यक बुँदाहरु यसमा समावेश गरिनेछन् ।

२१. नियम पास भएको दिन देखि यस अधिका अन्य सम्पूर्ण आर्थिक नियमहरु खारेज हुनेछन् ।

# सीतागंज शाखा नहर जल उपभोक्ता संस्था : सिचाँइ सेवा शुल्क सम्बन्धी नियमावली २०६७

नेपाल अधिराज्य कोशी अञ्चल सुनसरी जिल्ला अन्तर्गत संचालन भएको सीतागंज शाखा नहर प्रणलीलाई व्यवस्थित तरिकाले संचालन गर्न सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको विधान २०५० दफा ......उपदफा ........ को पहिलो संसोधन २०६७ को अधिनमा रहि यस सिचाँई प्रणाली अन्तर्गतमा शाखा समन्वय, शाखा, उपशाखा, आउटलेट समितिहरुले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतको कार्यहरु (सिचाँई प्रणालीको निर्माण, मर्मत सम्भार, संचालन एवं व्यवस्थापन) आर्थिक स्रोतको अभावले गर्दा समयमा गर्न नसकी नहर संचालन हुन नसकेको कारणले गर्दा कृषि उत्पादमा ह्रास, सिचाँईको सेवा शुल्क संकलन गरेर समयमा नै नहरको मर्मत सम्भार तथा संचालन गरी नहरबाट वितरण हुने पानी सुव्यवस्थित तरिकाबाट संचालन गरी कृषि उत्पादनमा वृद्धि ल्याई उपभोक्ता कृषकहरुको जिवनस्तर उठाई आय स्रोतमा वृद्धि गराउने उद्देश्य राखी यी नियमावलि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद – १

**प्रारम्भिक :**

**१.१ नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम सिचाँई सेवा शुल्क सम्बन्धी नियमावली २०६७ रहेको छ ।

(ख) यो नियमावली सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको विधान २०५० दफा ........उपदफा ............ को पहिलो संसोधन २०६७ अनुसार साधारण सभाको बैठकले पारित गरेको मिति देखि लागू हुनेछ ।

**१.२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा**

(क) "सिंचाई" भन्नाले कृषिजन्य उपयोगको लागि सिंचाई प्रणली भित्र बनेका संरचनाहरुबाट जग्गा जमिनमा पानी पुऱ्याउने प्रक्रिया सम्झनुपर्छ ।

(ख) "उपभोक्ता संस्था" भन्नाले संघसंस्था ऐन २०३४ अन्तर्गत दर्ता भएको सीतागंज उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ग) "सिंचाई सेवा शुल्क" सिंचाई प्रणलीको बनेको संरचनाहरुबाट उपभोक्ताहरुले आ-आफ्नो खेतमा सिंचाई गरेवापत उपभोक्ताले जल उपभोक्ता संस्थाको कार्यालयमा तिर्नु बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनुपर्छ ।

(घ) "उपभोक्ता" भन्नाले सिंचाईसँग सम्बन्धित सेवा उपभोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

(ङ) "ऐन नियम" भन्नाले जलश्रोत ऐन २०४९ र जलश्रोत नियमावली २०५० तथा सिंचाई नियमावली २०५६ सम्झनुपर्छ ।

(च) "संरचना" भन्नाले स्रोतबाट पानी जम्मा गर्न, नियन्त्रण गर्न वा वितरण गर्न बनाईएको बाँध नहर, शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष, आउटलेट नहर, कुलो, कुलोसँग पैनी तथा त्यस प्रयोजनको लागि बनेको माटो, ड्रेन, डिल, पुल, पुलेसो, प्रयोग भएका भवन, मेशिन यन्त्र उपकरण र त्यसले चर्चेको क्षेत्र सम्झनुपर्छ ।

## परिच्छेद – २

**२. उद्देश्य :**

(क) सिचाँई सेवा शुल्क संकलन गरी सिंचाई प्रणली भित्रका नहर नहरीहरुको मर्मत संभार संचालन तथा व्यवस्थापन जस्ता कार्यहरु समयमा नै गरी सिंचाई प्रणालीलाई व्यवस्थित तरीकाले संचालन गराउनु ।

(ख) न्यायोचीत तरिकाले सिंचाई सेवा उपलब्ध गराएर कृषि उत्पादनमा वृद्धि गराई उपभोक्ताहरुको आर्थिक स्तर उकास्नु ।

(ग) सिंचाई सेवा प्राप्त गर्ने जल उपभोक्ताहरुलाई एकै सुत्रमा संलग्न गराई सिंचाई सेवा शुल्क उठाउनु र सिंचाई प्रणालीको व्यवस्थापन पक्षमा एकता, सहयोग, समझदारी र सामान्यजस्यता कायम राखी उपभोक्ताहरुको सहभागिताद्धारा दिगो र भरपर्दो सिंचाई प्रणलीको विकास गराउनु ।

## परिच्छेद – ३

**३. सिंचाई सेवा शुल्क संकलन गरी पार्सिलरी नक्साको प्रयोग सम्बन्धि व्यवस्था :**

(क) सिंचाई प्रणाली अन्तर्गत प्रत्येक कुलो, कुलेसो शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष आउटलेट नहर अन्तर्गतको सिंचित जग्गाको क्षेत्रफल पहिचान गर्नु, खेत वा जग्गाको धनि तथा त्यस जग्गाको क्षेत्रफलको पहिचान गर्न,समानुपातिक आधारमा पानी वितरण तालिका निर्माण गर्न सघन बाली, बाली विविधता तथा उत्पादन प्रदर्शनी कार्य योजना बनाउन तथा कार्य योजना कार्यान्वयन गर्न, समानुपातिक मर्मत संभार खर्च वा स्रोत परिचालन तथा योगदान व्यहोर्न, प्रत्येक कृषकको सिंचाईको आवश्यकताको मुल्याङ्कन गर्न सिंचित क्षेत्रफलको आधारमा प्रत्येक उपभोक्ताले मर्मत को लागि दिनुपर्ने योगदानको सजिलैसँग शाखा समन्वययाङ्कन गर्न, उचित तथा प्रभावकारी पानीको प्रयोग गर्नको लागि फिल्ड च्यानलको निर्माण कार्य योजना तयार पार्न साथै सिंचित जग्गाको क्षेत्रफल सजिलैसँग पहिचान गरी सिँचाई सेवा शुल्क संकलन गर्नको लागि चाहिने आधारभुत तथ्याङ्क उपलब्ध गर्न र सिंचाई सेवा शुल्क निर्धारण गर्न पार्सिलरी नक्साको प्रयोग अनिवार्य गर्नु पर्नेछ ।

# परिच्छेद ४

## ४.१ सिंचाई सेवा शुल्क असुल उपर गर्न पानी बाँडफाँड सम्बन्धि व्यवस्था :

(क) सिंचाई सेवा शुल्क असुल उपर गर्नको लागि सुचारुरुपले पानी उपलब्ध गराउन आवश्यक पर्दछ । समानताको आधारमा समानुपातिक पानी बाँडफाँडको लागि आवश्यक नियम तालिका तथा पानी नियन्त्रण संरचना व्यवस्था हुनु पर्नेछ ।

(ख) मौसम अनुसारको बालीको आधारमा पानीको मात्रा तय गर्नु पर्ने छ । पानीको उपलब्धताको आधारमा कति क्षेत्रमा बाली लगाउने भन्ने कुरा सिजनै पिच्छे किटान गर्नुपर्नेछ । मुल नहरमा पानी कति उपलब्ध हुन्छ ७/७ दिनमा डिस्चार्ज नापी पानीको अभिलेख राख्नु पर्नेछ । उपलब्ध पानीको अभिलेखको आधारमा सिंचाई गर्ने पटक तय गरी सबै उपभोक्ताले लगाएको बालीको लागि समानरुपले पानी पाउने पटक निर्धारिण गरी कति पटक सिंचाई गर्ने पालो पाउने हो सबै तहका समितिले उपभोक्ताहरुलाई जानकारी गराउनु पर्नेछ ।

(ग) नहरमा उपलब्ध पानी र नहर प्रणाली संरचनाको आधारमा मुख्य बालीको लागी शाखा नहरबाट उपशाखा, प्रशाखा नहरमा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरबाट कृषकहरुको खेतमा पानी वितरण गर्ने तालिका बनाउनु पर्नेछ ।

(घ) पानी वितरण तालिका बनाउँदा देहायका कुरालाई आधार मान्नुपर्नेछ ।

१. पानीको उपलब्धता पर्याप्त प्रति सेकेण्ड ............ देखि ................. लिटर सम्म भए सबै शाखा आउटलेट नहरमा सबै ठाउँमा सबैलाई निरन्तर पानी वितरण गरेको हुनुपर्नेछ ।

२. पानीको उपलब्धता प्रति सेकेण्ड ............ देखि ............. लिटर सम्म भए पटके पालो गरी पानी वितरण गरेको हुनुपर्नेछ ।

३. पानीको उपलब्धता .............. देखि ........... लिटर प्रति सेकेण्डसम्म भन्दा धेरै कम भएमा अग्रिम बुकिङ गरी अग्रिम माग गरे अनुसार पानी वितरण गरेको हुनुपर्नेछ ।

(ङ) जल उपभोक्ता संस्थाले पानी वितरण तालिका बनाएर आधार मान्दा सजिलोको लागि नियम ५ को उपनियम (घ) अनुसार सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको नहर संचालन योजनाको आधार लिई प्रयोगमा ल्याउनु पर्नेछ ।

(च) सिंचाई सेवा शुल्क वास्तवमा जल उपभोक्ता संस्थाले दिएको सिंचाई सेवामा भरपर्ने हुन्छ । भरपर्दो सेवाको लागि भौतिक संरचनाहरु पनि यत्तिकै भरपर्दो र क्षमतापुर्ण हुनुपर्दछ । सिंचाई व्यवस्थापनको लागि अति आवश्यक मुहान नियन्त्रण गर्ने संरचना पानीको लेवल उठाउने संरचना पानी बाड्ने संरचना, पानी पठाउने संरचना, पानी नाप्न सकिने संरचनाहरुको मद्धतले सिंचाई सेवालाई सुदृढ गर्न सकिन्छ । यस्ता संरचनाहरुको समय-समयमा मर्मत गरी यिनीहरुको कार्य क्षमतामा ह्रास आउन नदिन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

## ४.२ सिचाँई सेवा शुलक असुल गर्न पानी वितरण विधि सम्बन्धि व्यवस्था :

(क) पानी वितरणमा शेयर प्रणालीको विकास गर्दा पहिलो चरणमा नहरमा उपलब्ध हुने पानीको आपुर्तिको परिमाण अनुमान गर्नु पर्नेछ । यसो गर्दा मुलमा उपलब्ध हुने पानीको परिमाण र प्रयोग वा आपुर्तिमा आउने पानीको परिमाणमा फरक छुट्याउन सकिने छ । कुल आपुर्ति हुने पानीको परिमाण भनेको पानीको स्रोतबाट मुल नहरमा आउने पानीको परिमाण हो, जुन पानी उपभोक्तालाई उपभोगमा ल्याउन दिन सकिन्छ । प्रयोग गर्न सकिने पानीको परिमाण भनेको कुल आपूर्ति हुने परिमाणबाट शेयरमा बाड्ने पानीको अंश हो, नहर प्रणालीमा पानी चुहिएर, सोसिएर, वाफ बनेर तथा अनेक कारणबाट नोक्सान हुने गर्दछ । यी नोक्सानीहरु कुल उपलब्ध हुने पानीको परिमाणबाट घटाउनु पर्नेछ ।

(ख) पानीको नोक्सानीहरुलाई कटाएर प्रयोगमा आउने पानीको परिमाणलाई समानुपातिक आधारमा बाँड्न प्रतिएकाई पानीलाई आधार मानी पानीको शेयर वितरण गर्नुपर्नेछ । समानुपातिक पानीको सेवा उपलब्ध गराउनको लागि नहरमा आउने पानीको मात्रा यकिन गर्नुपर्नेछ र यकिन गरिएको पानीको मात्रालाई सिंचाई प्रणालीको शेयरको आधारमा बाँडफाँड गर्नुपर्नेछ ।

(ग) समानुपातिक पानी वितरण भनेको सम्पुर्ण कृषकहरुले आफुले प्राप्त गरेको शेयर बापत हुन आउने पानीको भाग प्रयोग गर्नु हो । समानुपातिक मर्मत सम्भार भनेको मर्मत सम्भार तथा संचालनमा लाग्ने सम्पुर्ण खर्चमा आफुले प्राप्त गरेको शेयरको आधारमा सहभागी हुनु हो वा जिम्मेवार हुनु हो । क्षेत्रफलको आधारमा संस्थाले जग्गाको अनुपातमा उपलब्ध पानीलाई समान भाग लगाउनुनै समानुपातिकरुपमा पानी विभाजन तथा वितरण गर्नु हो भने प्रणाली मर्मत सम्भार तथा संचालन र व्यवस्थापन खर्चको सोही अनुपातमा जिम्मेवार हुनु समानुपातिक मर्मत सम्भार हो भन्ने कुरा मान्नु पर्नेछ ।

### ४.३ सिचाँई सेवा शुल्क असुल उपर गर्न पानी वितरण र बाँडफाँडमा विकेन्द्रीकरण सम्बन्धि व्यवस्था :

(क) शाखा नहरबाट सुचारु रुपले शाखा, उपशाखा, आउटलेट नहरमा पानी वितरण शाखा समन्वय समितिले गर्नुपर्ने छ ।

(ख) शाखा नहरबाट उपशाखा नहरबाट र उपभोक्ता किसानहरुलाई पानी वितरण गर्ने काम शाखा समिति र उपशाखा समितिले गर्नु पर्नेछ । त्यसै गरी आउटलेट नहरबाट उपभोक्ता किसानहरुलाई पानी वितरण गर्ने काम ज.उ.टो. समितिले गर्नु पर्नेछ ।

(ग) कुनै पनि कारणले मुल नहरमा पानी बन्द भै वितरण कार्यमा बाधा अड्चन पर्न गएमा कारणसहित उल्लेख गरी शाखा, आउटलेट समितिलाई मुल समितिले लिखित जानकारी दिनु पर्नेछ ।

(घ) शाखा, उपशाखा, आउटलेट नहरमा पानी बन्द भै वितरण कार्यमा बाधा अड्चन पर्न गएमा कारणसहित उल्लेख गरी उपभोक्ता किसानहरुलाई शाखा, उपशाखा, आउटलेट समितिले लिखित सुचना दिनु पर्नेछ ।

(ङ) सिंचाई हुने जग्गाको अनुपात र हिँउदे वर्षे बाली तथा पानीको आवश्यकता कुन बालीलाई कति चाहिने हो र आदिको यथार्थताको आधारमा मुल समितिले शाखा, आउटलेट नहरमा र शाखा, उपशाखा आउटलेट समितिले उपभोक्ता किसानहरुको लगाएको बाली र क्षेत्रफल, पानीको शेयर आधारमा बढी आवश्यकतालाई प्राथमिकता दिई समताको आधारमा समानुपातिक पानीको वितरण गर्नु पर्नेछ । यस्तो वितरण कार्य उपभोक्ता किसानहरुको माग फारमको आधारमा गर्नु पर्नेछ ।

(च) उपभोक्ता किसानहरुले पानी माग फारम भरी आवश्यक पानीको माग शाखा, उपशाखा, आउटलेट समितिमा बालीमा पानी लगाउनु एक महिना अगावै गर्नु पर्नेछ । शाखा, उपशाखा, आउटलेट समितिले उपभोक्ताहरुको पानी माग फारम प्राप्त भएपछि पानी माग गरेको १५ दिन अगावै शाखा समन्वय समितिमा पानीको माग गर्नु पर्नेछ ।

(छ) शाखा समन्वय समितिले माग अनुसार पानीको शेयर आधारमा पानीको वितरण गरेको वितरण तालिका अनुसूची १ अनुसार प्रष्ट बुझिने गरी राख्नु पर्नेछ ।

(ज) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिले उपभोक्ता किसानहरुलाई पानीको शेयर आधारमा पानीको वितरण गरेको वितरण तालिका अनुसूची ......अनुसार प्रष्ट बुझिने गरी राख्नु पर्नेछ । त्यस्तो वितरण तालीकाको प्रतिलिपी अभिलेखका लागि शाखा समितिलाई दिनु पर्नेछ ।

(झ) उपभोक्ताहरुले अनुसूची ........... को पानी माग फारम दस्तुर वापत रु २ (दुई) तिरी संस्थाबाट प्राप्त गर्न सक्नेछन् ।

# परिच्छेद ५

**५.१ सिचाँई सेवा शुल्क असुल गर्न सदस्यता वितरण सम्बन्धि व्यवस्था :**

(क) जल उपभोक्ता संस्थाको विकास र सिंचाई प्रणालीको मर्मत सम्भार तथा संचालनमा सहभागी हुन, पानीको हक कायम गर्न र सिंचाई सेवा उपयोग गर्न ज.उ.स. द्धारा प्रदान गरिने सेवा, स्रोत साधन र सहुलियतमा उपभोग गर्न ज.उ.स. को निर्णय प्रक्रियामा सहभागी हुनका लागि जल उपभोक्ताहरुले ज.उ.स.बाट सदस्यता प्रमाण-पत्र प्राप्त गर्नु पर्नेछ ।

(ख) ज.उ.स. को विधान र नियममा बर्सेनी साधारण सदस्यता शुल्क तिरी साधारण सदस्यताको प्रमाण-पत्र लिने उपभोक्ताहरु मात्र साधारण सदस्य हुन सक्नेछन् ।

(ग) संचाई प्रणालीको कुनै पनि संरचना बाट सिंचाई सेवा प्राप्त गर्ने उपभोक्ताहरुको प्रणालीको मर्मत, सम्भार, संचालन एवं पानीको प्रयोग आदिमा समान रुपले सहभागी हुनको लागि ज.स.स. बाट सदस्यता लिएका प्रमाण-पत्र प्राप्त जुन उपभोक्ताहरुले गरेका हुन्छन् र तिनै उपभोक्ताहरु जल उपभोक्ता संस्थाको सदस्य हुनेछन् ।

**५.२ सदस्यता शुल्क निर्धारण सम्बन्धि व्यवस्था :**

(क) जल उपभोक्ता संस्थाले साधारण सदस्यता वितरण जग्गाको क्षेत्रफलको आधारमा निर्धारण गर्न पाईने छैन । घर धुरीको आधारमा सदस्यता वितरण गर्नु पर्नेछ । घर धुरी भन्नाले जग्गाको स्वामित्व भएका अर्थात जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको व्यक्तिलाई मान्नु पर्नेछ ।

(ख) जल उपभोक्ता किसानहरुले वार्षिक रु १० (दश) सदस्यता शुल्क तिरी साधारण सदस्यता लिनु पर्नेछ ।

(ग) ज.उ.स. को विधान र नियम अनुसार प्रत्येक वर्ष सदस्यता नविकरण गराउनु पर्नेछ ।

(घ) सदस्यता नविकरण गराउँदा आर्थिक वर्ष शुरु हुनु भन्दा ३ महिना अगावै अर्थात प्रत्येक वर्ष चैत्र महिना भित्र शुल्क बुझाई नविकरण गराई सक्नु पर्नेछ ।

# परिच्छेद ६

**६.१ सिचाँई सेवा शुल्क असुल गर्न शेयर सम्बन्धि व्यवस्था :**

(क) शेयर भन्नाले जग्गाधनीले नहरको संचालन तथा मर्मत सम्भारको लागि योगदान गरेको स्थानीय स्रोतको अनुपातमा प्राप्त पानीको हिस्सा वा पानी प्रयोग माथीको अधिकार बुझ्नु पर्नेछ । एक हिस्सा पानी बराबर नहरका संचालन तथा मर्मत सम्भारमा खर्च हुने स्रोतको एक हिस्सा बुझ्नु पर्नेछ । शेयरले नहरको मर्मत तथा सम्भार खर्चलाई पानीको हिस्सा र पानीको प्रयोगमा अधिकारसँग सम्बन्धित मान्नु पर्नेछ । शेयरले दुई कुरा संकेत गरिरहेको हुनेछ ।

१) शेयर धनिले उपयोग गर्न पाउने पानीको हिस्सा

२) शेयर अनुसार नहर प्रणालीको मर्मत सम्भार र संचालनको लागि दिनु पर्ने खर्चको हिस्सा

(ख) शेयर प्रणाली भनेको प्रत्येक कृषकले मुल वा शाखा, उपशाखा, आउटलेट समितिबाट प्राप्त शेयरको आधारमा पानी प्राप्त गर्नु र प्रणाली संचालन र मर्मत सम्भार खर्चमा आफूले प्राप्त गरेको पानीको आधारमा सहभागी हुनु वा पानी वितरण र सो वापत प्राप्त सेवा शुल्कको लेखा जोखा हो भन्ने बुझ्नु पर्नेछ ।

(ग) जल उपभोक्ता संस्थाको शेयर भनेको सिंचाई प्रणाली अन्तर्गत प्रत्येक सदस्य किसानहरुले नियम अनुसार पानी प्रयोग गर्न पाउने कानूनी अधिकार हो र पानी प्राप्तिको क्रममा प्रणाली व्यवस्थापन (संचालन तथा मर्मत सम्भार) मा लाग्ने खर्चमा सहभागी हुनु हो । कुनै कृषकहरुले कुल पानीको एक संख्या शेयर प्राप्त गरेको छ भने उसले पैसा वा श्रम संचालन वा मर्मत सम्भार खर्चको एक संख्या बराबर नै व्यहोर्नु पर्ने हुन्छ । सिंचाई

प्रणालीमा शेयर विभाजन कूल क्षेत्रफलमा गरिँदा सहज हुने भएकाले प्रति कट्ठा एक शेयर पानी शेयर विभाजन गर्न उचित हुने हुँदा सोही अनुसार शेयर विभाजन गर्नु पर्नेछ ।

(घ) मौसम अनुसार पानीको स्रोत घटबढ भई रहने हुँदा स्वाभाविकै रुपमा एक शेयर पानीको परिमाण पनि घटबढ हुन्छ । शेयरको अर्को पक्ष शेयरधनीले नहर प्रणालीको मर्मत सम्भार र संचालनको लागि आवश्यक स्रोत जुटाउनु हो । मर्मत सम्भारमा लाग्ने खर्चको परिमाण हरेक वर्ष फरक हुन सक्दछ । जसले गर्दा मर्मत सम्भारमा जुटाउने शेयरको हिस्सा वा स्रोतको परिमाण पनि हरेक वर्ष फरक फरक हुनेछ ।

**६.२ शेयर वितरण र शेयर शुल्क सम्बन्धि व्यवस्था :**

(क) जल उपभोक्ता संस्थाले पानीको वैज्ञानीक मान, नापको व्यवस्थाबाट पानीको शेयर वितरण नगरेसम्म जग्गाको क्षेत्रफलको आधारमा शेयर वितरण गर्नु पर्नेछ ।

(ख) सीतागंज शाखा नहर प्रणालीबाट सिंचाई गर्ने जल उपभोक्ताहरुले देहाय अनुसार शुल्क बुझाई अनूसुची ६ अनुसारको शेयर सदस्यताको प्रमाण-पत्र लिनु पर्नेछ ।

१) एक धुर जग्गा देखि एक कट्ठा जग्गा सम्मलाई शेयर संख्या १ (एक) मानी प्रति १ ( एक) शेयरको शेयर सदस्यता शुल्क रु ३ (तिन) बुझाउनु पर्नेछ ।

२) एक विगाहा देखि माथी जग्गा भएका उपभोक्ताहरुको हकमा भने १ कट्ठा जग्गाको १ शेयरको हिसाबले प्रति १ शेयरको शेयर सदस्यता शुल्क रु ३ (तिन) र प्रमाण-पत्र दस्तुर रु पाँच (५) सहित शेयर सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

**६.३ सिंचाई सेवा शुल्क असुल गर्न शेयर हस्तान्तरण सम्बन्धि व्यवस्था :**

(क) जल उपभोक्ता संस्थाबाट शेयर प्रमाण-पत्र प्राप्त गरेका उपभोक्ताहरुको एकाघर संगोलमा अंशियारहरु छुट्टीभिन्न भै जग्गा भागवण्डा गरेमा वा शेयर धनिले शेयर हस्तान्तरण गर्नको लागि जल उपभोक्ता संस्थामा संयूक्त निवेदन दिएमा दस्तुर वापत रु १० (दश) लिई संस्थाको विधान र नियम अनुसार शेयर धनीले इच्छाएको व्यक्तिको नाममा शेयर हस्तान्तरण गर्नु पर्ने हुन्छ ।

(ख) शेयर प्रमाण पत्र लिएको कुनै पनि उपभोक्ताले जग्गा विक्री गरेमा विक्री गरेको जति जग्गाको शेयर खरिद गर्नेले विक्रीगर्नेको नामबाट प्रमाण बुझाई शेयर दाखीला खारेजको माग गरेमा जल उपभोक्ता संस्थाले छानविन गरी शेयर संख्यामा जतिसुकै भएपनि दस्तुर वापत रु १० (दश) लिई खरिद गर्नेको नाममा दाखिल गर्नु पर्ने हुन्छ ।

## परिच्छेद ७

**७.१ सिंचाई सेवा शूल्क असुल गर्न नहर मर्मत सम्भारमा वार्षिक खर्चको लागि दर निर्धारण सम्बन्धि व्यवस्था :**

१. सीतागंज शाखा नहर प्रणालीबाट सिंचाई हुने क्षेत्रभित्रका जल उपभोक्ता किसानहरुले शाखा नहर, उपशाखा नहर, आउटलेट नहर साल वसाली मर्मत सम्भार एवं सुधारको लागि वार्षिक देहाय अनुसार जनसहभागिता वापत समानुपातिक रुपमा शुल्क बुझाई नहर मर्मत सम्भारमा सहभागी हुनु पर्नेछ ।

क) शाखा नहर मर्मत सम्भार गर्ने दायित्व सुनसरी मोरङ सिंचाइ योजनाको हुनेछ ।

ख) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट, नहर नहरी, मर्मत सम्भार गर्न वार्षिक मर्मत सम्भार योजना अनुसारको लाग्ने रकमको हिसाबले हरेक शाखा, उपशाखा, आउटलेटका उपभोक्ताहरुले शेयर संख्या १ को वार्षिक रु १० (दश) जनसहभागिता वापतको श्रम शुल्क बुझाउनु पर्नेछ ।

ग) जल उपभोक्ताहरुले हरेक बालीमा पानी लगाउनु शुरु हुनु अगावै जनसहभागिता वापतको श्रम शुल्क बुझाई सक्नु पर्नेछ ।

घ) उपनियम (ग) मा व्यवस्था भए अनुसार शुल्क बुझाउन बाँकी रहेका उपभोक्ताहरुले हरेक आर्थिक वर्षको चैत्र मसान्त भित्र जनसहभागिता वापतको श्रम शुल्क बुझाई सक्नु पर्नेछ ।

**७.२ संरचना संरक्षण गरी सिंचाइ सेवा शुल्क असुल गर्न घाँस बिक्री सम्बन्धि व्यवस्था :**

शाखा नहरको संरचना क्षेत्रभित्रको घाँस शाखा समन्वय समितिले र उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरको संरचना क्षेत्रभित्रको घाँस उपशाखा, आउटलेट समितिले बिक्री वितरण गरी जम्मा हुन आएको रकम संस्थामा आम्दानी गर्नु पर्नेछ ।

# परिच्छेद ८

**सिंचाई सेवा शुल्क**

८.१ सिंचाई सेवा शुल्क सम्बन्धि सिंचाइ नीति २०६० मा भएको व्यवस्था :

क) सिंचाई सेवा उपलब्ध भई जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्युनतम सिंचाई सेवा शुल्क निर्धारण गरिनेछ ।

ख) सिंचाई सेवा उपभोग गर्नेले न्युनतम सिंचाई सेवा शुल्क तोकिए बमोजिमका दरले संचालकलाई बुझाउनु पर्नेछ । यसरी उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकिएको समयावधि भित्र नबुझाएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ । सेवा शुल्क नबुझाउने उपभोक्तालाई सेवा उपभोगबाट बञ्चित गरिनेछ ।

ग) न्युनतम भन्दा बढि सेवा शुल्कको दर प्रत्येक बालीको लागि सिंचित क्षेत्रको आधारमा संचालकको उपभोक्ता संस्थाको समेत सल्लाह र सहमतिको आधारमा गर्न निश्चित गर्न सक्नेछ । यस्तो दर उपभोक्ता संस्थाको साधारण सभाबाट पारित गरेर परिवर्तन गरिनेछ

घ) सिंचित क्षेत्र घोषित गरिएको अभिलेख सम्बन्धित सबै निकायलाई उपलब्ध गराईनेछ । यस्ता सिंचित क्षेत्रमा नया विकास निर्माणको काम गर्दा जलस्रोत मन्त्रालयको पुर्व स्विकृत आवश्यक हुनेछ । घोषित सिंचित क्षेत्रका जग्गा जमिनको स्वामित्व हस्तान्तरण, धितो, बन्धक वा अन्य तिर्नु पर्दा सिंचाई सेवा शुल्क तिरेको निश्चित गरेपछिमात्र त्यस्ता कार्यहरु गर्न सकिने व्यवस्था गरिनेछ ।

ङ) संयुक्त व्यवस्थापनमा संचालन हुने प्रणलीमा सिंचाई सेवा उपलब्ध गराए वापत प्रत्येक उपभोक्ताबाट सिंचाई सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । यस्तो सेवा शुल्क उठाउने उपभोक्ता संस्थाको अधिकारीलाई कानुनी रुपबाट सुनिश्चित गरिनेछ । यसरी उठेको रकम उपभोक्ता संस्थाको व्यवस्थापकिय सहभागिताको अनुपातमा अनुसूची .......मा उल्लेख भए अनुसारको अंश सम्बन्धित उपभोक्ता संस्थाले राख्न पाउन सक्नेछ र बाँकी रकम नेपाल सरकारको राजश्वमा संकलन गरिनेछ ।

**८.२ सिंचाई सेवा शुल्क संकलन गर्न लागत सम्बन्धि व्यवस्था :**

क) सिंचाई प्रणालीको निश्चित क्षेत्र भित्र जग्गा हुने उपभोक्ताहरुले कृषिजन्य उपयोगको लागि सिंचाई संरचानहरुबाट आ-आफ्नो जग्गा जमिनमा पानी पुऱ्याई सिंचाई गर्न पानीको शेयर लिए वापत नहर प्रणालीको मर्मत सम्भार संचालन तथा व्यवस्थापनको लागि खर्च जुटाउनु पर्ने स्रोत लाईनै सिंचाई सेवा शुल्क भनिन्छ । सिंचाई सेवा प्राप्त गर्ने शेयरधनि उपभोक्ताबाट ज.उ.स. को विधान अनुसार निर्धारण गरिएको सिंचाई सेवा शुल्क ज.उ.स. ले संकलन गर्नु पर्नेछ । सिंचाई सेवा शुल्क संकलन गर्दा शेयर र बालीको आधारमा मात्र लिनु पर्नेछ ।

ख) सिंचाई सेवा शुल्क संकलन गर्न जलउपभोक्ता संस्थाले देहाय अनुसारको लागत अभिलेख राख्नु पर्नेछ ।

१) उपभोक्ताहरुको नामवली लगत
२) सिंचित जग्गाको क्षेत्रफलको लगत
३) साधारण सदस्यता वितरणको लगत
४) वक्यौता लगत

५) शेयर वितरणको लगत

६) पानी वितरण लगत

ग) पानी वितरण लगत तयार गर्दा देहाय अनुसारका तथ्याङ्कहरुको आधारमा गर्नु पर्नेछ ।

१) दैनिक पानी वितरण लगत

२) खेतमा पानी वितरणको तालिका

३) मुल नहरको पानी वितरणको तालिका

४) दैनिक गेज रेकर्ड प्रतिवेदन

५) साप्ताहिक पानी वितरण लगत

६) मासिक पानी वितरण लगत

७) वार्षिक पानी वितरण लगत

८) सिंचित क्षेत्रफलको लगत

९) सिंचित बालीको क्षेत्रफलको लगत

१०) शाखा, उपशाखा, आउटलेट नहरले सिंचाई गर्ने क्षेत्रफलको लगत

११) वर्षे बालीको लगत विवरण

१२) हिउँदे बालीको लगत विवरण

१३) बसन्ते बालीको लगत विवरण

**८.३ सिंचाई सेवा शुल्क असुल उपर गर्न ज.उ.स. लाई कानुनी अधिकार :**

क) सेवा उपभोग गर्ने उपभोक्ताहरुले सेवा उपभोग गरे वापत जलस्रोत ऐन २०४९ को दफा १३ अनुसार सेवा शुल्क असुल उपर गर्न जलस्रोत ऐन २०५० को नियम ३१ तथा सिंचाई नियमावलीमा उल्लेख गरेको सेवा शुल्क सेवा उपभोग गरे वापत उपभोक्ता संस्थालाई बुझाउनु पर्नेछ ।

**८.४ सिंचाई सेवा शुल्क असुल उपर गर्न दर निर्धारण सम्बन्धि व्यवस्था :**

१. सिंचाई नियमावली २०५६ को नियम ५ र ६ मा उल्लेख भए अनुसारको कार्य गर्न सीतागंज शाखा नहर प्रणलीबाट सिंचाई गर्ने जलउपभोक्ताहरुले वार्षिक देहाय अनुसारको सेवा शुल्क बुझाउनु पर्दछ ।

क) वर्षभरि १ बाली धानमात्र लगाउने उपभोक्ताले प्रति एक शेयरको रु १० (दश) बुझाउनु पर्नेछ ।

ख) वर्षभरि २ बाली धानमात्र लगाउने उपभोक्ताले प्रति एक शेयरको रु १५ (पन्ध्र) बुझायनु पर्नेछ ।

ग) धान बाली बाहेक अन्य मकै, गहुँ, तरकारी तेलहन, केरा आदि कुनै पनि बालीको हकमा भने प्रति १ शेयरको प्रति बालीको बाली पिच्छे रु ५० (पचास रुपैयाँ ) बुझाउनु पर्नेछ ।

घ) जलउपभोक्ताहरुले हरेक बालीमा पानी लगाउन शुरु हुनु अगावै सेवा शुल्क बझाई सक्नु पर्नेछ ।

ङ) उपनियम (घ) मा व्यवस्था भए अनुसार शुल्क बुझाउन बाँकी रहेका जलउपभोक्ताहरुले हरेक आर्थिक वर्षको मसान्त भित्र सेवा शुल्क बुझाई सक्नु पर्नेछ ।

च) दफा ८.४ को दर निर्धारण समितिले दर माथि हेरफेर गर्न सक्नेछ ।

**८.५ सिंचाई सेवा शुल्क मिनाहा सम्बन्धि व्यवस्था :**

क) जलउपभोक्ता संस्थाले देहायको अवस्था देखा परेमा सिंचाई सेवा शुल्क मिनाहा गर्न सक्नेछ ।

१) १२ महिना खेती नलागी जग्गा बाँझो रहेमा ।

२) सिंचाई प्रणालीबाट सिंचाई सेवा लिन नसकेको खण्डमा ।

३) नहर प्रणालीको संरचना नष्ट भई नहर संचालन नभएमा ।

**८.६ सिंचाई सेवा शुल्क असुल उपर गर्न प्रोत्साहनको व्यवस्था :**

क) नियम १७ को उपनियम (घ) को म्याद भित्र सिंचाई सेवा शुल्क तिर्ने उपभोक्ताहरुलाई जलउपभोक्ता संस्थाले देहाय अनुसारको प्रोत्साहन दिनु पर्नेछ ।
   १) सिंचाई गर्न पानीको पालो पहिला दिएर ।
   २) बुझाउनु पर्ने सेवा र श्रम शुल्कमा ५ प्रतिशत सहुलियत वा छुट दिएर ।

# परिच्छेद ९

**९.१ दण्ड, जरिवाना सम्बन्धि व्यवस्था :**

१) नियम ९ को उपनियम (ख) अनुसारको साधारण सदस्यता शुल्क उपनियम (घ) को म्याद भित्र नबुझाउने उपभोक्ताले सदस्यता शुल्कको अतिरिक्त देहाय अनुसारको थप विलम्ब शुल्क तिर्नु पर्नेछ ।
   क) बैशाख १ गते देखि मसान्त सम्म २५ %
   ख) जेष्ठ १ गते देखि मसान्त सम्म ५० %
   ग) अषाढ १ गते देखि मसान्त सम्म ७५ %
   घ) अषाढ महिना सम्ममा पनि नबुझाई श्रावण महिना अर्थात् आर्थिक वर्ष लागेमा वक्यौता लगतमा जनाई दण्ड जरिवाना वापत साधारण सदस्यता शुल्क बराबर थप रकम तिर्नुपर्नेछ ।

२) नियम १८ को उपनियम १ को (क), (ख), (ग) अनुसारको सिंचाई सेवा शुल्क उपनियम १ को (घ) र (ङ) को म्याद भित्र नबुझाउने उपभोक्ताले सेवा शुल्कको अतिरिक्त देहाय अनुसारको थप विलम्ब शुल्क तिर्नु पर्नेछ ।
   क) वैशाख १ गते देखि मसान्त सम्म २५ %
   ख) जेष्ठ १ गते देखि मसान्त सम्म ५० %
   ग) अषाढ १ गते देखि मसान्त सम्म ७५ %
   घ) अषाढ महिना सम्ममा पनि नबुझाई श्रावण महिना अर्थात आर्थिक वर्ष लागेमा वक्यौता लगतमा जनाई दण्ड जरिवाना वापत सेवा शुल्क बराबर थप रकम तिर्नु पर्नेछ ।

३) नियम १३ को उपनियम १ को (क) र (ख) अनुसारको जनसहभागिता वापत शुल्क उपनियम १ को (घ) र (ङ) को म्याद भित्र नबुझाउने उपभोक्ताले श्रम शुल्कको अतिरिक्त देहाय अनुसारको थप विलम्ब शुल्क तिर्नु पर्नेछ ।
   क) वैशाख १ गते देखि मसान्त सम्म २५ %
   ख) जेष्ठ १ गते देखि मसान्त सम्म ५० %
   ग) अषाढ १ गते देखि मसान्त सम्म ७५ %
   घ) अषाढ महिना सम्ममा पनि नबुझाई श्रावण महिना अर्थात आर्थिक वर्ष लागेमा वक्यौता लगतमा जनाई दण्ड जरिवाना वापत सेवा शुल्क बराबर थप रकम तिर्नु पर्नेछ ।

४) यस नियमावलीको परिच्छेद ६ मा व्यवस्था भए अनुसार शेयर प्रणाली लागु भएको मितिले १ वर्ष भित्र शेयर प्रमाण-पत्र लिनु पर्नेमा नलिई नियमको उलङ्घन गर्ने उपभोक्तालाई मुल समितिले रु १०।- जरिवाना लिई शेयर प्रमाण-पत्र दिन सक्नेछ ।

५) यस नियमावलीको परिच्छेद ५ मा व्यवस्था भए अनुसार सदस्यता नविकरण नगराएमा, परिच्छेद ६ मा व्यवस्था भए अनुसार शेयर नलिएमा, परिच्छेद ७ मा व्यवस्था भए अनुसार श्रम शुल्क नतिरेमा परिच्छेद ९ मा व्यवस्था भए अनुसार सिंचाई सेवा शुल्क नतिरेमा कुनै पनि उपभोक्ताले पानीको प्रयोग गर्न र निर्वाचनमा भाग लिन, चुन्न र चुनिन पाउने छैन साथै चुनिएको पदबाट स्वतः हटि पद रिक्त हुनेछ ।

६) संस्थाको विधान र नियम अनुसार शेयर र साधारण सदस्यता लिएका तर सिंचाई सेवा उपभोग नगरेका उपभोक्ताले साधारण सदस्यता नविकरण गरेमा निर्वाचनमा भाग लिन पाउने छैनन् ।

७) सिंचाई प्रणालीको कुनै पनि संरचना भित्र कुनै पनि व्यक्तिले मास खेती गरी घाँस काट्न पाउने छैन । मास खेती गरी घाँस काटी अतिक्रमण गर्ने व्यक्तिलाई शाखा समन्वय समितिले रु १,०००।- देखि रु २,०००।- सम्म दण्ड जरिवाना गर्न सक्नेछ ।

८) सीतागंज सिंचाइ प्रणालीको श्रोत भएको अधिकृत भूमि र जलश्रम क्षेत्रको अतिक्रमण गर्ने कुनै पनि व्यक्ति वा संघ संस्था आदिलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हुनेछ ।

९) सीतागंज शाखा नहर प्रणाली अन्तर्गत उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट, ड्रेम, नहरको नक्सा भित्रको अधिकृत भुमी र संरचनाको क्षति हुने गरी कसैले पनि खनजोत गरी वा कुनै पनि प्रकारको खेती लगाई वा घर वा गोठ बनाई कुनै प्रकारको अतिक्रमण कुनै व्यक्ति वा समुहले गरेमा त्यस्तो व्यक्ति वा समुहलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हनेछ ।

१०) शाखा समन्वय समितिको पूर्व स्विकृति लिएमामात्र शाखा नहरमा कुनै पनि प्रकारको हेरफेर गर्न पाइनेछ । स्विकृत बेगर कुनै कसैले कुनै प्रकारको तोडफोड गरी क्षती पुऱ्याएमा क्षती पुऱ्याउनेलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हुनेछ ।

११) शाखा, उपशाखा, आउटलेट समितिको पूर्व स्विकृति नलिई कसैले शाखा, उपशाखा, आउटलेट नहरमा हेरफेर र तोडफोड गरी क्षती पुऱ्याउन पाईनेछैन । स्विकृत बिना तोडफोड गरी क्षती गरेमा क्षती गर्नेलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपादफा ४ बमोजीम सजाय हुनेछ ।

१२) शाखा समन्वय समितिको स्विकृति नलिइकन शाखा नहर, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरहरुबाट पम्सेट लगाई अनाधिकार प्रयोग गरेमा त्यस्तो प्रयोग गर्ने व्यक्तिलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ३ बमोजिम सजाय हुनेछ ।

१३) उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरहरुमा अनियमित तरिकाबाट पानी थुनी पानी वितरणमा असर पुऱ्याउने व्यक्तिलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम सजाय हुनेछ ।

१४) कसैले पनि सीतागंज शाखा नहर प्रणालीको संरचना भित्र गाई, भैंसी लगायत अन्य कुनै पशु चराउन पाईने छैन । यदि कसैले अटेर गरी पशु चराएमा जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम रु १,०००।- (एक हजार) सम्म जरिवाना हुनेछ ।

१५) कसैले शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहर कुला कलेसा आदि नहर प्रणालीको संरचनामा भैंसी आल बसाई नहर प्रणालीको संरचनामा नोक्सान पुऱ्याएमा जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम निजबाट हानी नोक्सानीको बीगो असुल उपर गरी निजलाई बीगो बमोजिम जरिवाना वा दश महिनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

१६) कसैले पनि शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरमा मरेको कुनै पनि प्रकारको सिनो वा दुर्गन्ध हुने गरी फोहोर फाल्न, संरचना भित्र चर्पि बनाई दिसा पिसाब गर्न र नाला बनाई फोहोर बगाउनु पाईनेछैन । यदि कसैले गरेमा निजलाई पक्राउ गरी दुर्गन्ध सफा गर्न लगाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम सजाय हुनेछ ।

१७) कसैले पनि सिंचाई प्रणालीको संरचनालाई क्षति हुने गरी रुख र अन्य कुनै चिज रोप्न पाईनेछैन । रोपेको रुख भए काटी हटाउनु पर्नेछ । रुख हटाउन इन्कार गरेमा वा रुख रोपी क्षति पुऱ्याउने उद्देश्य लिई रुख रोपेको छ भने त्यस्तो रुख रोप्ने व्यक्तिलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम सजाय हुनेछ ।

१८) कुनै पनि उपभोक्ताको घर जग्गामा ट्रक, टेक्टर गाडा आदि साधन नहर प्रणालीको संरचना बिगारी लानु परेमा संस्थाको स्विकृत लिएर मात्र लान सकिनेछ । स्विकृतबिना

व्यक्ति वा साधनले पुऱ्याएको क्षतिलाई जस्ताको तस्तै दुरुस्त गरी बनाई दिनु पर्नेछ । बनाई नदिएमा जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हुनेछ

१९) कुनै पनि उपभोक्ता किसानले खेतमा पटाउन पर्ने भन्दा बढि हुने गरी पानीको पालो लिग हुने छैन । आफ्नो पालेका पानी बढि भएमा आफूभन्दा पछिल्लो पालो पर्ने किसानलाई पानी बढि भएको सुचना दिई आफ्नो पानी लगाउने मुहान बन्द गर्नु पर्छ । बढि पालो लिई पानी दुरुपयोग गर्ने किसानलाई जलश्रोत ऐन २०४९ को दफा २२ उपदफा ४ बमोजिम रु १,०००।- (एक हजार) सम्म जरिवाना हुनेछ ।

२०) कुनै पनि किसानले अर्को शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट वा अर्को उपभोक्ता किसानको पालोको पानी चोर्न पाईने छैन । कसैले चोरी गरेमा त्यस्तो चोरी गर्नेलाई जलश्रोत ऐन २०४९ को दफा २२ बमोजिम सजाय हुनेछ ।

२१) कुनै पनि उपभोक्ता किसानले अर्को जल उपभोक्ता किसानको पानीको पालो चोरी पानी पटाएमा पहिला पटक रु ५००।- (पाँच सय), दोस्रो पटक रु १,०००।- (एक हजार) र तेस्रो पटक रु १,५००।- (एक हजार पाँच सय) जरिवाना शाखा समन्वय समितिले गर्न सक्नेछ । चौथो पटक पानी चोरी गरेमा उपभोक्ता सुचीबाट नाम कट्टा गरी सदाको लागि मुहान बन्द हुनेछ ।

२२) कुनै पनि जल उपभोक्ता किसानले अर्को जल उपभोक्ता किसानको पालो मिची रुटिङ्गको वेवस्ता गरी पानी लगाएमा पालो मिची पानी लगाउनेलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम सजाय हुनेछ ।

२३) कुनै पनि जल उपभोक्ता किसानले आफुलाई सजिलो पर्ने गरी शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहर र कुलो कुलेसो तोडफोड गरी मुहान निकाल्न वा बाँध लगाई नहर प्रणालीको संरचनामा क्षति पुऱ्याउन पाईने छैन । त्यस्तो गर्नेलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हुनेछ ।

२४) सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको विधान र यसले वनाएको नियम, विनियमको उल्लघंन गर्नेलाई जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा १ बमोजिम सजाय हुनेछ ।

२५) परम्परागत रुपमा संचालन भैरहेको नापी नक्सामा कुलो कुलेसाहरु मास्न, बिगार्न पाईने छैन । कसैले मासे बिगारेमा जलश्रोत ऐन २०४९ को दफा २२ को उपदफा ४ बमोजिम सजाय हुनेछ ।

## परिच्छेद १०

**१०.१ निवेदन सम्बन्धि व्यवस्था :**

क) जल उपभोक्ता किसानले शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिबाटनै हुन सक्ने कामको लागि आ-आफ्नो शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिमा र सो समितिबाट हुन नसक्ने कामको लागि शाखा समन्वय समितिमा निवेदन दिनु पर्नेछ । उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिले शाखा समन्वय समितिमा निवेदन पठाउन र दर्ता गर्न सक्नेछ ।

**१०.२ उजुरी दर्ता र सुनवाइ सम्बन्धि व्यवस्था :**

क) जलश्रोत ऐन २०४९, जलश्रोत नियमावली २०५० र सिंचाई नियमावली २०५६ मा व्यवस्था भएको कुरामा त्यसै अनुसार बाँकीको हकमा ज.उ.स. को विधान र नियम अनुसार उजुरी दर्ता र सुनवाइ हुनेछ ।

ख) उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिले बाहेक उजुरी सम्बन्धि निवेदन शाखा समन्वय समितिमा दर्ता गर्न रु ५।- (पाँच) दस्तुर लाग्नेछ ।

ग) सीतागंज शाखा नहर जल उपभोक्ता संस्थाको विधान २०५० पहिलो संसोधन २०६७ को दफा.......को उपदफा ........ ...... र सिंचाई सेवा शुल्क सम्बन्धि नियमावली २०६१ को नियम ७ को उपनियम (ख), (घ), (ङ) र (ज) मा तोकिएबमोजिम काम नगर्ने शाखा,

उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समिति विरुद्ध शाखा समन्वय समितिमा उजुरी दर्ता हुन आएमा शाखा समन्वयक समितिको विधान र नियमावलीमा व्यवस्था भए अनुसार रित पुऱ्याई छानवीन गरी निर्णय दिनु पर्नेछ ।

घ) सिंचाई सेवा शुल्क सम्बन्धि नियमावली २०६१ को नियम ७ को उपनियम (क), (ग), (ङ) र (छ) मा तोकिए बमोजिम काम नगर्ने मुल समिति विरुद्ध सुनसरी मोरङ सिंचाइ आयोजनामा उजुरी दर्ता गर्नुपर्नेछ ।

ङ) शाखा समन्वय समिति विरुद्ध उजुरी बाहेक अन्य सम्पुर्ण उजुरी शाखा समन्वय समितिमा पर्न आएमा शाखा समन्वय समितिले दर्ता गर्नुपर्नेछ । यसरी दर्ता हुन आएको उजुरी निवेदन शाखा समन्वय समितिले विधान र नियमावलीमा व्यवस्था भए अनुसार रित पुऱ्याई छानविन र निर्णय गर्न सक्नेछ । आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको निवेदन भएमा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

च) शाखा समन्वय समिति विरुद्धको कुनै पनि उजुरी र निवेदनको छानविन र निर्णय उपर चित नबुझेमा सम्बन्धित सिंचाई कार्यालयमा प्रचलित ऐन कानूनको म्याद भित्र उजुरी गर्न पाईनेछ ।

## परिच्छेद ११

**११. विविध :**

क) साधारण सदस्यता, शेयर सदस्यता, सिंचाई सेवा शुल्क, श्रम शुल्क, जरिवाना शुल्क आदि नगद असुली रेकर्ड र असुल हुन बाँकी रेकर्ड शाखा समन्वय समितिको शाखा समन्वय समितिले र उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिको शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिले अनुसूची ...... र .......को फारम अनुसार अभिलेख राख्नु पर्दछ ।

ख) हरेक बालीको जल उपभोक्ता सुची शाखा समन्वय समितिको शाखा समन्वय समितिले र उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिको उपशाखा, आउटलेट उपशाखा समितिले अनुसूची .........को ढाँचा अनुसार अभिलेख राख्नु पर्दछ ।

# सीतागंज मर्मत सम्भार सम्बन्धी नियमावली २०६७

नेपाल सरकारद्धारा निर्मित यस सीतागंज सिंचाई प्रणाली मर्मत सम्भारको अभावले गर्दा उपभोक्ताहरुले सिंचाई सेवा र सुविधा नियमित रुपमा पाउन नसकि घट्दो कृषि उत्पादनले कृषकको आर्थिक जिवनस्तरमा प्रतिकुल असर परेको छ । उपभोक्ताहरुको सहभागिताद्धारा नियमित मर्मत सम्भार कार्य गरी सिंचाई प्रणालीलाई प्रभावकारी ढंगबाट संचालन गराई कृषि उत्पादनमा वृद्धि गर्ने लक्ष्यलिई उपभोक्ताहरुको जिवनस्तर उठाउनको लागि सीतागंज शाखा नहर उपभोक्ता संस्थाको विधान २०५० को पहिलो संसोधन २०६७ को दफा ..........को उपदफा ..........को अवधिमा रहि सीतागंज शाखा नहर उपभोक्ता संस्थाको **"नहर मर्मत सम्भार सम्बन्धी नियमावली २०६७"** तयार गरी लागु गरिएकोछ ।

## परिच्छेद १

**१. नाम र प्रारम्भ :**

क) यस नियमावलीको नाम "नहर मर्मत सम्भार सम्बन्धी नियमावली २०६७" रहेको छ ।

ख) यो नियमावली जल उपभोक्ता संस्थाको साधारण सभाद्धारा पारित भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २

**२. उद्देश्य :**

क) नहरको मर्मत सम्भार योजना बनाई समानुपातिक ढंगबाट मर्मत सम्भार कार्यमा स्रोत र साधनको परिचालन गराउने ।

ख) सिंचाई प्रणाली अन्तर्गतका शाखा समन्वय, शाखा, उपशाखा, आउटलेटहरुको संरचना र नहर नहरीको समयमानै मर्मत सम्भार गराई जल उपभोक्ताहरुलाई सिंचाईको सेवा र सुविधा उपलब्ध गराउने ।

ग) पानी उपभोग गर्ने उपभोक्ताहरुलाई सम्लग्न गराई सिंचाई प्रणालीको दिगो विकास र व्यवस्थापन पक्षलाई मर्मत सम्भार कार्यमा श्रम र शुल्कमा सहभागी गराई सुशासन अभ्यास तथा यसको सुदृढिकरण गराउदै लैजाने ।

## परिच्छेद ३

**३. परिभाषा :**

क) "संस्था" भन्नाले दर्ता भएको संस्था सम्झनु पर्छ ।

ख) "शाखा समन्वय समिति" भन्नाले विधान अनुसार गठन भएको सीतागंज शाखा समन्वय समिति सम्झनु पर्दछ ।

ग) "शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समिति" भन्नाले विधान अनुसार गठन भएको शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समिति सम्झनु पर्दछ ।

घ) "प्रणाली" भन्नाले सिंचाई सेवाको लागि बनेको संरचना र नहर नहरीलाई सम्झनु पर्दछ ।

ङ) "मर्मत सम्भार" भन्नाले संरचना र नहर नहरी भत्के विग्रको आवश्यकता अनुसार बनाउने र सफा गराउने (माटो, झारपात, वालुवाहरु हटाउने) सम्झनु पर्दछ ।

च) "मर्मत सम्भार निर्धारण समिति" भन्नाले मर्मत सम्भारको वार्षिक कार्य योजना तर्जुमा गर्ने समितिलाई सम्झनु पर्दछ ।

# परिच्छेद ४

**४. मर्मत सम्भारको व्यवस्था :**

क) हेडवर्क्सदेखि मूल नहरको मर्मत सम्भार सुनसरी मोरङ सिंचाइ योजनाले गर्ने गराउने ।

ख) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरहरुको मर्मत सम्भार कार्य सम्बन्धित समितिबाट गरिनेछ ।

ग) हस्तान्तरण पश्चात शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरहरुको मर्मत सम्भार गर्ने उत्तरदायित्व शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिको हुनेछ ।

# परिच्छेद ५

**५. मर्मत सम्भारको आधार :**

जल उपभोक्ता संस्थाले उपभोक्तालाई मर्मत सम्भारमा श्रम र शुल्कमा सहभागी गराउँदा देहायका कुरालाई आधार मान्नु पर्नेछ ।

**क) जग्गाको क्षेत्रफलको आधार :** मर्मत सम्भार गराउँदा मर्मत सम्भार निर्धारण समितिले तोके अनुसार समानुपातिक तरिकाबाट मर्मत सम्भारमा सहभागी गराइनेछ ।

**ख) शेयरको आधार :** सिंचित क्षेत्रफलको आधारमा उपभोक्ताहरुले लिएको शेयरलाई आधार मानी मर्मत सम्भार निर्धारण समितिले तोके अनुसार हुनेछ ।

**ग) सिंचाई सेवा प्राप्त गरेको आधार :** सिंचाईको सेवा र सुविधा प्राप्त गर्ने उपभोक्ताहरुलाई आधार मानी मर्मत सम्भार निर्धारण समितिले तोके अनुसार हुनेछ ।

# परिच्छेद ६

**६.१ मर्मत सम्भार निर्धारण समितिको गठन :**

क) नेपाल सरकारले विकास गरी उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको सीतागंज सिंचाई प्रणालीको मर्मत सम्भार गराउनको लागि देहाय बमोजिमको मर्मत सम्भार निर्धारण समितिको गठन हुनेछ ।

| | | |
|---|---|---|
| १) | सम्बन्धित जलउपभोक्ता संस्थाको अध्यक्ष | - १ जना संयोजक |
| २) | प्रतिनिधि सिंचाई डिभिजन कार्यालय | - १ जना सदस्य |
| ३) | सम्बन्धित जलउपभोक्ता संस्थाका पदाधिकारीहरुबाट | - ४ जना सदस्य |
| ४) | ज.उ.स. समन्वय समितिको प्रतिनिधिबाट | - १ जना सदस्य |
| ५) | सम्बन्धित क्षेत्रका साधारण सभाका सदस्यहरु मध्येबाट | - ३ जना सदस्य |
| ६) | सम्बन्धित ज.उ.स. को सचिव | - १ जना सदस्य सचिव |

ख) मर्मत सम्भार निर्धारण समितिको बैठक :

१. मर्मत सम्भार निर्धारण समितिको बैठक निर्धारण समितिको संयोजकले तोकेको मिति, सयम र स्थानमा बस्नेछ ।

२. मर्मत सम्भार समितिको बैठक वर्षको कम्तिमा २ पटक बस्नेछ ।

३. मर्मत सम्भार निर्धारण समितिको बैठकको कार्य विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

ग) मर्मत सम्भार निर्धारण : मर्मत सम्भारको आधार निर्धारण गर्दा निम्न लिखित कुरामा ध्यान दिनु पर्दछ ।

१. मर्मत योजना तयारी :

अ) हेडवर्क्स तथा मुल नहर अन्तर्गतका वार्षिक मर्मत योजना कार्यक्रम तथा लाग्ने खर्च सम्बन्धित सिंचाइ कार्यालयले व्यहोर्नु पर्नेछ । यस कार्यको उत्तरदायित्व सिंचाइ कार्यालयको हुनेछ ।

आ) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट अन्तर्गत काम गर्नु पर्ने मर्मत सम्भारका कार्यक्रम वार्षिक योजना कार्यक्रममा लाग्ने खर्च सम्बन्धित समितिहरुले आफ्नो नहरको बनाउनु पर्नेछ । मर्मत योजना बनाउने उत्तरदायित्व सम्बन्धित समितिका अध्यक्षको हुनेछ । बनाएको मर्मत योजना, कार्यक्रम र खर्चको विवरण आफु भन्दा माथिल्लो समितिमा पेश गर्नु पर्नेछ ।

२. मर्मत योजना अनुसार नहरको मर्मत सम्भार गर्नको लागि आवश्यक चाहिने वार्षिक खर्चको आधारमा मर्मत दर निर्धारण गर्नु पर्नेछ ।

क) सीतागंज शाखा नहर प्रणालीबाट सिंचाई हुने क्षेत्र भित्रका जल उपभोक्ता किसानहरुले शाखा समन्वय नहर, शाखा, आउटलेट नहर साल-बसाली नहर मर्मत सम्भार एवं सुधारको लागि वार्षिक निम्न अनुसार श्रम वापत शुल्कमा सहभागी हुनुपर्ने मर्मत सम्भारको आधार निर्धारण गरिएको छ ।

अ) शाखा, उपशाखा, आउटलेट, नहर नहरी मर्मत सम्भार गर्न वार्षिक मर्मत योजना अनुसारको लाग्ने रकम शेयर संख्या १ को हिसाबले सिंचाई सेवा शुल्क सम्बन्धि नियमावली २०६६ मा तोके अनुसार श्रम वापत शुल्क बुझाई नहर मर्मत सम्भारमा सहभागी हुनुपर्ने ।

आ) शाखा, उपशाखा, आउटलेट, नहर साधारणतया वर्षभरिमा २ पटक मर्मत सम्भार गर्नु पर्नेछ । आवश्यकता परेमा २ पटक भन्दा बढि र आवश्यकता नभएमा २ पटक भन्दा कम मर्मत सम्भारको काम हुन सक्नेछ । नहरको अवस्था र मर्मत गर्नुपर्ने समय लाग्ने जनश्रमको संख्या र खर्च मर्मत संभार निर्धारण समितिले तोक्नेछ ।

इ) शाखा, उपशाखा, आउटलेट, नहर साधारणतया वर्षभरिमा २ पटक वर्षे वालीको लागि जेष्ठ मसान्त भित्र र हिँउदे वालीको लागि मार्ग मसान्त भित्र मर्मत सम्भार गरि सफा गरिसक्नु पर्नेछ ।

ई) श्रम वापत उपभोक्ताले संस्थामा बुझाएको शुल्क सम्बन्धित समितिले तोकेको समयमा आफूले गर्नुपर्ने सहभागिता वापतको श्रम गर्नुपर्ने काम ज्यालादारीमा सम्बन्धित उपभोक्ताबाट पनि गराउन सकिनेछ ।

ख) वार्षिक योजना र कार्याक्रममा लाग्ने खर्चको निर्धारण गरेपछि आ-आफ्नो समितिले विधानमा व्यवस्था भए अनुसार पारित गराई लागु गर्नु पर्ने हुन्छ ।

ग) मर्मत योजनामा लाग्ने खर्च तथा कार्यक्रमहरुको बारेमा सम्बन्धित समितिहरुले आ-आफ्नो कार्यालय र सार्वजनिक स्थलमा टाँस गरी सबैलाई जानकारी गराउनु पर्नेछ

**६.२ मर्मत कसले गर्ने :**

क) सिंचाई प्रणाली भित्रको जल उपभोक्ता मध्ये जसले बनेका संरचनाहरु र नहर नहरीबाट आफ्नो खेतमा लगाउँछन् ती सेवा उपयोग गर्ने उपभोक्ताले मर्मत सम्भार कार्यमा सहभागी हुनु पर्ने ।

**६.३ मर्मत सम्भार खर्च र श्रमदानको अभिलेख :**

क) शाखा समन्वय नहर मर्मत सम्भार गर्न लागेको खर्च र श्रमदानको रेकर्ड सिंचाई डिभिजन कार्यालयले अभिलेख राख्नु पर्नेछ ।

ख) शाखा, उपशाखा, आउटलेट, नहर मर्मत सम्भार गर्न लागेको श्रमदानको रेकर्ड शाखा, उपशाखा, आउटलेट समितिले अभिलेख राख्नु पर्नेछ ।

ग) शाखा, उपशाखा, आउटलेट समितिले राखेको खर्च र श्रमदानको रेकर्डको अभिलेख १ प्रति शाखा समन्वय समितिलाई दिनु पर्नेछ ।

**६.४ मर्मत सम्भारको रेकर्ड कसले राख्ने :**

क) मर्मत सम्भार कार्यमा सहभागी भएका उपभोक्ताहरुको साथै भए गरेका कामको अभिलेख राख्ने उत्तरदायित्व सम्बन्धित समितिको सचिवको हुनेछ ।

## परिच्छेद ७

**७. मर्मत सम्भार कार्यको रेखदेख र नियन्त्रण :**

क) हेडवर्क्स शाखा समन्वय नहर :

अ) सुनसरी मोरङ सिंचाइ प्रणालीको हेडवर्क्स र मल नहरको मर्मत सम्भार कार्य र सो को रेखदेख र नियन्त्रण गर्ने काम सम्बन्धित सिंचाइ कार्यालयको हुनेछ । यस कार्य प्रति पूर्णरुपले जवाफदेहिता र उत्तरदायित्व सिंचाई कार्यालयमा निहित रहनेछ ।

ख) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेटः

अ) शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट नहरको मर्मत सम्भार, रेखदेखर नियन्त्रण गर्नेकाम शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट समितिको हुनेछ । यस कार्य प्रति पूर्णरुपले जवाफदेहिता र उत्तरदायित्व शाखा, उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट अध्यक्षमा निहित रहनेछ ।

ग) कृषक कुलो :

अ) उपशाखा, प्रशाखा, वाटरकोर्ष र आउटलेट अन्तर्गतका कृषक कुलोको मर्मत सम्भार रेखदेख र नियन्त्रण गर्ने काम सम्बन्धित कुलोका उपभोक्ता समुह वा व्यक्ति जिम्मेवारी हुनेछ ।

## परिच्छेद ८

**८.१ सिंचाई सेवाबाट बन्चित गर्न सक्ने :**

सुनसरी मोरङ सिंचाइ आयोजना वा जल उपभोक्ता संस्थाले देहाय अवस्थामा सिंचाईको सेवाबाट बन्चित गर्न सक्नेछ ।

क) सिंचाईको सेवा उपभोग गर्ने उपभोक्ताले संस्थाबाट निर्धारण गरेको वार्षिक मर्मत संभारमा लाग्ने खर्च वा श्रम नगरेमा ।

ख) कुनै उपभोक्ताले संरचनाहरु बिगारे, भत्काए वा क्षति पुऱ्याएमा सोको मर्मत कार्य स्वयं नगरेमा ।

ग) कुनै उपभोक्ताले सिंचाई प्रणलीबाट आफ्नो जग्गामा सिंचाई सुविधा लिई आफूभन्दा पछिको उपभोक्तालाई सिंचाई सेवा सुविधाबाट वन्चित गर्न पाइने छैन । त्यसो गरेमा

**८.२ सूचना दिनु पर्ने :**

वार्षिक मर्मत सम्भार कार्यमा सहभागी नभई सिंचाई सेवाबाट बन्चित हुने उपभोक्तालाई सम्बन्धित जल उपभोक्ता समितिबाट सूचना दिनु पर्नेछ । साथै सार्वजनिक स्थलमा सूचना टाँस गरिने छ ।